# अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९

मन्त्रालयबाट स्विकृत मितिः २०७९।०८।२५

[Ψ]पहिलो संशोधन मन्त्रालयबाट स्वीकृत मितिः २०८०/११/१७

**प्रस्तावना :** अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा योजना सञ्चालन गर्न वाञ्छनीय भएकोले,

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ७० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कोषले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि मिति २०८० वैशाख १ गतेबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनौपचारिक क्षेत्रमा रहेको श्रमिक" भन्नाले औपचारिक प्रबन्धले नसमेटिने सबै प्रकारका श्रमिकहरु सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "दुर्घटना" भन्नाले कुनै एक वा एक भन्दा बढी कारणबाट योगदानकर्तालाई शारीरिक वा मानसिक चोट पटक वा आघात पुग्न गएको अवस्था सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ सम्झनु पर्छ।

---
[Ψ] पहिलो संशोधन स्वीकृत भएको एकानब्बेऔं दिनबाट लागू हुनेछ

(ङ) “न्युनतम आधारभुत पारिश्रमिक” भन्नाले नेपाल सरकारले बेला बेलामा औद्योगिक क्षेत्रका श्रमिकको लागी तोकेको न्युनतम आधारभुत पारिश्रमिक सम्झनु पर्छ।

(च) “मन्त्रालय” भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(छ) “स्वरोजगार क्षेत्रमा आवद्ध श्रमिक” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्वयंले विक्री प्रयोजनको लागि वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद-२

## योगदानकर्ता सूचीकरण सम्बन्धी व्यवस्था

३. **सामाजिक सुरक्षा योजनामा आबद्ध हुन सक्ने** : (१) नियमावलीको नियम ४ बमोजिम मन्त्रालयले तोकेको मितिदेखि सामाजिक सुरक्षा योजनामा सहभागी हुन चाहने अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्ति कोषमा सूचिकृत हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कोषमा सूचिकृत हुनको लागि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिले नियमावलीको अनुसूची-२ बमोजिमको ढाँचामा कोषको कार्यालय वा कोषले तोकेको निकाय, कार्यालय वा कोषको अनलाइन एकीकृत कम्प्युटर प्रणालीबाट निवेदन दिनु पर्नेछ।

(३) स्वरोजगारमा रहेका व्यक्तिले उपदफा (२) बमोजिम निवेदन दिँदा देहाय बमोजिमको विवरण खुलाउनु पर्ने तथा कागजात संलग्न गर्नु पर्नेछ :-

(क) स्वरोजगारमा रहेको व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

(ख) स्वरोजगार सम्बन्धी पेशा वा व्यवसाय दर्ता गरेको भएमा सोको प्रमाणपत्रको प्रतिलिपि र त्यस्तो पेशा वा व्यवसाय दर्ता गरेको नभएमा पेशा वा व्यवसाय गरेको स्थानको सम्बन्धित स्थानीय तहको वडा कार्यालयले गरेको सिफारिसपत्र,

(ग) कोषमा सूचिकृत भएपछि आफूले मासिक रुपमा गर्ने योगदानको रकम,

(घ) प्यान वा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, र

(ङ) पेशा वा व्यवसायको नाम तथा त्यस्तो पेशा वा व्यवसाय गरेको ठेगाना तथा सम्पर्क नम्बर।

(४) अनौपचारीक क्षेत्रमा कार्यरत श्रमिकले उपदफा (२) बमोजिम निवेदन दिँदा देहाय बमोजिमको विवरण खुलाउनु पर्ने तथा कागजात संलग्न गर्नु पर्नेछ :-

(क) श्रमिकको नागरिकताको प्रतिलिपि,

(ख) आफूले श्रम गर्ने गरेको क्षेत्र (जस्तो कृषि, यातायात, निर्माण वा घरेलु कामदार),

(ग) स्थानीय तहको वडा कार्यालयले निज अनौपचारीक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनि गरेको सिफारिसपत्र।

(५) उपदफा (२) बमोजिम निवेदन परेमा कोषले सो उपर आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा त्यस्तो श्रमिक वा स्वरोजगारमा रहेको व्यक्तिलाई कोषमा सूचिकृत

सामाजिक सुरक्षा कोष

गरी नियमावलीको अनुसूची-४ बमोजिमको ढाँचामा सामाजिक सुरक्षा परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम परिचयपत्र प्राप्त अनौपचारिक क्षेत्रको श्रमिक वा स्वरोजगारमा रहेको व्यक्ति ऐनको दफा ५ को उपदफा (१) बमोजिम निर्धारण गरिएको योगदान रकम कोषमा जम्मा गरी सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद-३

## सामाजिक सुरक्षा योजनाको सञ्चालन तथा सुविधाको सिमा

४. **सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने :** (१) ऐनको दफा ५ को उपदफा (४) तथा दफा १० बमोजिम कोषले अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको लागि देहाय बमोजिमका सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ :-

(क) औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना,

(ख) दुर्घटना तथा अशक्तता सुरक्षा योजना,

(ग) आश्रित परिवार सुरक्षा योजना,

(घ) वृद्ध अवस्था सुरक्षा योजना।

(२) अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले ऐन, नियमावली तथा यस कार्यविधि बमोजिम कोषमा सूचिकृत भई कोषमा योगदान गरी उपदफा (१) बमोजिमका सामाजिक सुरक्षा योजनामा सहभागि हुन सक्नेछन्।

५. **योगदानको दर तथा योजनामा योगदान रकमको बाँडफाँड :** (१) अनौपचारिक क्षेत्रका श्रमिकको न्यूनतम आधारभूत पारिश्रमिकबाट एघार प्रतिशत रकम र सरकारबाट थप गरिएको नौ दशमलव सैतीस प्रतिशत रकम थप गरी कुल बीस दशमलव सैतीस प्रतिशत रकम कोषमा जम्मा गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ५ को उपदफा (१) तथा योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम ४ को उपनियम (१) बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उपदफा (१) बमोजिम जम्मा गर्नु पर्ने रकम भन्दा कम रकम जम्मा गरिदिने वा त्यस्तो रकम जम्मा नगरिदिने अवस्थामा योगदानकर्ता आफैले त्यस्तो बाँकी रकम समेत आफैं योगदान गर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागि हुन बाधा पर्ने छैन।

(३) उपदफा (१) र (२) बमोजिम कोषमा प्राप्त योगदानको रकमलाई कोषले देहायका योजनामा देहाय बमोजिम बाँडफाँड गर्नेछ :-

(क) औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुरक्षा योजनाको लागि दश दशमलव सैंतीस प्रतिशत,

(ख) वृद्ध अवस्था सुरक्षा योजनाको लागि दश प्रतिशत।

सामाजिक सुरक्षा कोष

(४)[Ψ] स्वरोजगारमा रहेका व्यक्तिले कम्तीमा न्यूनतम आधारभूत पारिश्रमिक देखि अधिकतम यसको तीन गुणा सम्मको रकमको एकतीस प्रतिशत रकम योगदान गर्नु पर्नेछ र त्यस्तो रकम कोषले देहायका योजनामा देहाय बमोजिम बाँडफाँड गर्नेछः-

(क) औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाको लागि दुई दशमलव चार प्रतिशत,

(ख) दुर्घटना तथा अशक्तता सुरक्षा योजनाको लागि शून्य दशमलव अशि प्रतिशत,

(ग) आश्रित परिवार सुरक्षा योजनाको लागि एक दशमलव असि प्रतिशत,

(घ) वृद्ध अवस्था सुरक्षा योजनाको लागि छब्बिस प्रतिशत। जसमध्ये न्यूनतम रुपमा सोह्र प्रतिशत रकमलाई निवृत्तभरण योजनामा बाँडफाड गरिनेछ।

६. [Ψ]**<u>सुविधाको लागी योग्य हुन पूरा गर्नु पर्ने अवधिः</u>** (१) कोषमा घटना घट्नु भन्दा अघिको पछिल्लो ६ महिनामा कम्तिमा ३ महिनाको योगदान जम्मा गर्ने योगदानकर्ता, योगदानकर्ताको पति वा पत्नी र निजका १८ वर्ष ननाघेका छोराछोरीले दफा ४ को खण्ड (क) मा उल्लिखित योजना बमोजिमको सुविधा प्राप्त गर्नेछ।

(२) कोषमा घटना घट्नु भन्दा अघिको पछिल्लो ६ महिनामा कम्तिमा ३ महिनाको योगदान जम्मा गर्ने योगदानकर्ताले दफा ४ को खण्ड (ख) मा उल्लिखित योजना बमोजिमको सुविधा प्राप्त गर्नेछ।

(३) आश्रित परिवार सुरक्षा योजना अन्तर्गत दफा १६ को खण्ड (क) र (ख) बमोजिमको सुविधा प्राप्त गर्न घटना घट्नु भन्दा अघिको पछिल्लो १२ महिनामा कम्तिमा ९ महिनाको योगदान जम्मा भएको हुनुपर्नेछ भने दफा १६ को खण्ड (ग) बमोजिमको सुविधा प्राप्त गर्न घटना घट्नु भन्दा अघिको पछिल्लो ६ महिनामा कम्तिमा १ महिनाको योगदान गरेको योगदानकर्तालाई प्रदान गरिनेछ।

सामाजिक सुरक्षा कोष

---

[Ψ] पहिलो संशोधनवाट संशोधित

[Ψ] पहिलो संशोधनवाट संशोधित

## परिच्छेद-४

## औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा सम्बन्धी योजना

७. **औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना :** औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अन्तर्गत देहाय बमोजिमका योजना सञ्चालन हुनेछ :-

(क) औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना,

(ख) योगदानकर्ता वा योगदानकर्ताको पत्नीलाई मातृत्व सुरक्षा योजना।

८. **औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अन्तर्गत पाउने सुविधा :** औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अन्तर्गत अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिले देहायको बमोजिम वस्तु तथा सेवामा लाग्ने खर्च वा शुल्क प्राप्त गर्नेछन् :—

(क) चिकित्सकको परामर्श सेवा,

(ख) अस्पताल भर्ना तथा शल्यक्रिया बापतको शुल्क,

(ग) रोगको परीक्षण तथा उपचार बापतको खर्च,

(घ) औषधिको बिल बमोजिमको खर्च,

(ङ) अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका महिला योगदानकर्ता वा पुरुष योगदानकर्ताको पत्नी गर्भवति भई नियमित गर्भ परीक्षण गराउँदाको खर्च, अस्पताल भर्ना भई प्रसूति सम्बन्धी शल्यक्रिया वा उपचार गराउँदाको खर्च, अस्पतालमा सुत्केरी हुँदाको खर्च, सुत्केरी भएको छ हप्तासम्मको सुत्केरीसँग सम्बन्धित उपचार खर्च तथा तीन महिनासम्मको शिशुको उपचार बापतको खर्च।

९. **सुविधाको सीमा :** (१) अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई देहायको अवस्थामा देहाय बमोजिम कोषबाट स्वास्थ्य सुविधा प्रदान गरिनेछ :—

(क) योगदानकर्ता, योगदानकर्ताको पति वा पत्नि र योगदानकर्ताको १८ बर्ष ननाघेका सन्ततीलाई अस्पतालमा भर्ना भई उपचार गराउनुपर्ने भएमा औषधि उपचार सुविधा बापत वार्षिक रुपमा बढीमा एक लाख सम्म दावि गर्न पाउनेछ र त्यस्तो रकम सम्बन्धित अस्पताललाई सिधै भुक्तानी गरिनेछ।[Ψ]

---

[Ψ] पहिलो संशोधनवाट संशोधित

सामाजिक सुरक्षा कोष

(ख) दफा ८ को खण्ड (ङ) को अवस्थामा अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्ति वा त्यस्ता योगदानकर्ताको पत्नी तथा नवजात शिशुको उपचार खर्च समेत स्वास्थ्य सुविधा बापत प्रदान गरिनेछ।

(ग) अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्था बाहेकका योगदानकर्ता, योगदानकर्ताको पति वा पत्नी र योगदानकर्ताको १८ वर्ष ननाघेका सन्ततीलाई चिकित्सकको प्रेस्क्रिप्सन बमोजिम दफा ८ बमोजिमको सुविधा वार्षिक रुपमा बढीमा पच्चीस हजार रुपैयाँसम्म दावि गर्न पाउनेछ।[Ψ]

(घ) खण्ड (ग) बमोजिमको सुविधाको रकम उपयोग गरेका योगदानकर्तालाई समेत निज अस्पताल भर्ना भएर उपचार गराउँदा यस दफा बमोजिम स्वास्थ्य सुविधा प्रदान गरिनेछ।

(ङ) अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका महिला योगदानकर्ता वा पुरुष योगदानकर्ताको पत्नी प्रसूति भएको अवस्थामा शिशु स्याहारको लागि प्रति शिशु एक महिनाको न्यूनतम आधारभूत पारिश्रमिक बराबरको रकम उपलब्ध गराईनेछ र यस्तो रकम चौबीस हप्ता भन्दा बढी अवधिको गर्भपतन वा मृत शिशु जन्म भएको अवस्थामा समेत प्रदान गरिनेछ।

तर, पति र पत्नी दुवै योगदानकर्ता भएको अवस्थामा भने कुनै एक जनाले मात्र यस्तो सुविधा दाबी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा दाबी गर्ने योगदानकर्ताले कुल दाबी रकमको बीस प्रतिशत रकम आफ्नो तर्फबाट व्यहोर्नु पर्नेछ र स्वास्थ्य सुविधा बापतको कुल रकम एक आर्थिक वर्षमा एक लाख रुपैयाँ भन्दा बढी हुने छैन।

(३) यस दफा बमोजिम सुविधा प्राप्त गर्ने योगदानकर्ताले नेपाल सरकार वा अन्य बिमा योजना बमोजिम कुनै स्वास्थ्य सुविधा लिन पाउने भएमा त्यस्तो सुविधा लिन यस कार्यविधिमा लेखिएको कुनै कुराले बाधा पर्ने छैन।

(४) यस दफा बमोजिम सुविधा भुक्तानी गर्दा कोषको स्वास्थ्य संस्था छनौट तथा योजनाको रकम भुक्तानी सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको दर अनुसार भुक्तानी गरिनेछ। रकम भुक्तानीको लागि दाबी गर्दा सो कार्यविधिमा उल्लेख भएको दर भन्दा कम दरमा दाबी गरिएको भएमा त्यस्तो बिल परीक्षण गरी बिलमा उल्लेख भए बमोजिम रकम भुक्तानी गरिनेछ।

---

[Ψ] पहिलो संशोधनवाट संशोधित

**१०. प्रसूति सुविधा बापतको रकम भुक्तानीः** अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका महिला योगदानकर्तालाई अन्ठानब्बे दिन बराबरको मासिक न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशतले हुने रकम प्रसूति सुविधा बापत उपलब्ध  गराइनेछ।

**११. सुविधा प्राप्त हुन नसक्ने अवस्थाः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिले औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना अन्तर्गतको सुविधा प्राप्त गर्ने छैन :—

(क) दुर्घटना भई उपचारको लागि आवश्यक पर्ने अवस्थामा बाहेक प्लाष्टिक सर्जरी तथा दाँतको उपचार बापतको खर्च,

(ख) बारियट्रिक सर्जरी (बोसो निकाल्ने) बापतको खर्च,

(ग) देशव्यापी रुपमा महामारी पैmलिई कोषले खर्च धान्न नसक्ने भई योजना निलम्बन गरेको अवस्थामा,

(घ) प्रचलित कानून बमोजिम बाहेक अन्य अवस्थामा गर्भपतन गराउँदा भएको खर्च,

(ङ) दुर्घटना तथा अशक्तता सुरक्षा योजना अन्तर्गत यस परिच्छेदमा उल्लेख भएको समान सुविधा प्राप्त गरेको अवस्थामा।

सामाजिक सुरक्षा कोष

## परिच्छेद—५

## दुर्घटना तथा अशक्तता सुरक्षा योजना

**१२. दुर्घटना तथा अशक्तता सुरक्षा योजनाबाट प्राप्त गर्ने सुविधाः** अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई दुर्घटनामा परी उपचार गर्नु पर्ने भएमा दुर्घटना बापतको सुविधा र त्यस्तो दुर्घटनाबाट अशक्तता सृजना भएमा अशक्तता बापतको सुविधा यस योजना अन्तर्गत प्रदान गरिनेछ।

**१३. दुर्घटना तथा अशक्तता सुरक्षा योजनाको सुविधाको सीमाः** (१) अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई देहायको अवस्थामा दुर्घटना तथा अशक्तता सुरक्षा योजना बमोजिम सुविधा प्रदान गरिनेछ :—

(क) अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्ति दुर्घटनामा परी अस्पतालमा उपचार गर्दा लागेको उपचार खर्चको अधिकतम सात लाख रुपैयाँ उपचार खर्च उपलब्ध गराउन सकिनेछ।

(ख) दुर्घटनाको कारण अस्थायी पूर्ण असक्षमता भएको अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिले न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज काममा फर्कन सक्ने अवस्था नभएसम्म पाउनेछ।

***स्पष्टीकरणः*** यस खण्डको प्रयोजनका लागि “अस्थायी पूर्ण असक्षमता” भन्नाले दुर्घटना वा रोगका कारणबाट योगदानकर्ताले गरी आएको स्वरोजगारी वा रोजगारी अन्तर्गतको काम अस्थायी रुपमा पूरा गर्न नसक्ने वा उपचार गर्नु पर्ने भई काम गर्न नसक्ने भएको अवस्था सम्झनु पर्छ।

(ग) दुर्घटनाका कारण स्थायी असक्षमता भएको अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको असक्षमताको अनुपातमा निजले न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकमलाई शत प्रतिशत मानी निजको असक्षमता प्रतिशतको आधारमा जीवनकालभर निवृत्तभरण सुविधाबापत मासिक रुपमा रकम पाउनेछ।

***स्पष्टीकरणः*** यस खण्डको प्रयोजनका लागि “स्थायी असक्षमता” भन्नाले कुनै दुर्घटनाको वा रोगका कारणबाट योगदानकर्ताले गरी आएको स्वरोजगारी वा रोजगारी अन्तर्गतको काम स्थायी रुपमा पूरा गर्न नसक्ने गरी शरीरको कुनै अङ्ग अशक्त भएको वा निजले प्राप्त गर्ने वैकल्पिक रोजगारीबाट हुने आय पहिलेको रोजगारीबाट हुने आय भन्दा कम भएको अवस्था सम्झनु पर्छ।

सामाजिक सुरक्षा कोष

(घ) दुर्घटनाको कारण स्थायी पूर्ण असक्षमता भएको अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिले निजले न्यूनतम आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज जीवित रहुञ्जेल निजलाई दिईनेछ। त्यस्तो योगदानकर्ता हिँडडुल गर्न नसक्ने अवस्थामा भएमा निजलाई हेरचाह गर्ने परिवारको सदस्य वा त्यस्तो सदस्य पनि नभएमा वा भएपनि हेरचाह नगरेकोमा निजलाई हेरचाह गर्ने अन्य व्यक्ति वा संस्थालाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिसमा भुक्तानी गरिनेछ।

***स्पष्टीकरणः*** यस खण्डको प्रयोजनका लागि "स्थायी पूर्ण असक्षमता" भन्नाले दुर्घटना वा रोगका कारणबाट योगदानकर्ताले गरिआएको स्वरोजगारी वा रोजगारी अन्तर्गतको कामको अतिरिक्त अन्य रोजगारी, आय आर्जन हुने काम समेत गर्न वा पाउन नसक्ने अवस्था सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको असक्षमताको प्रतिशतको निर्धारण दफा १४ बमोजिम निर्धारण गरिनेछ र सो बमोजिम असक्षमताको अवस्थाको पुनरावलोकन गर्दा असक्षमताको अवस्थामा परिवर्तन आएमा सोही बमोजिम सुविधामा फेरवदल हुन सक्नेछ।

(३) यस दफा बमोजिम असक्षमता प्रतिशतको आधारमा प्रदान गरिने निवृत्तभरण रकममा बिमाङ्कीको प्रतिवेदनको आधारमा कोषको सञ्चालक समितिले निर्धारण गरे बमोजिमको दरले मुद्रा स्फिीति समायोजन गरिनेछ।

**१४. असक्षमता प्रतिशतको किटान र पुनरावलोकनः** (१) असक्षमता प्रतिशत किटान सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ को दफा ३० बमोजिमको स्वास्थ्य परीक्षण समितिले गर्नेछ।

(२) यस परिच्छेद बमोजिमको असक्षमताको प्रतिशत प्रत्येक पाँच वर्षमा उपदफा (१) बमोजिमको समितिले पुनरावलोकन गर्नेछ।

(३) योगदानकर्ता असक्षमता प्रतिशतको अन्तिम पुनरावलोकन निजको उमेरको अन्ठाउन्नौं वर्षमा हुनेछ र सो असक्षमताको प्रतिशतमा आएको परिवर्तनको आधारमा दफा १३ बमोजिम दिने निवृत्तभरण रकममा परिवर्तन हुन सक्नेछ।

**१५. भुक्तानीको दरः** (१) यस परिच्छेद बमोजिम उपचार खर्च भुक्तानी गर्दा कोषको स्वास्थ्य संस्था छनौट तथा योजनाको रकम भुक्तानी सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको दर अनुसार भुक्तानी गरिनेछ।

सामाजिक सुरक्षा कोष

(२) उपदफा (१) बमोजिम रकम भुक्तानी गर्दा सो कार्यविधिमा उल्लेख भएको दर भन्दा कम दरमा दाबी गरिएको भएमा त्यस्तो बिल परीक्षण गरी बिलमा उल्लेख भए बमोजिम रकम भुक्तानी गरिनेछ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद—६

## आश्रित परिवार सुरक्षा योजना

**१६. आश्रित परिवार सुरक्षा योजनाबाट प्राप्त गर्ने सुविधाः** योगदानकर्ताको मृत्यु भएमा निजको आश्रित परिवारलाई आश्रित परिवार सुरक्षा योजना अन्तर्गत देहायका सुविधा प्रदान गरिनेछ :—

(क) पति वा पत्नी वा बाबुआमाले[Ψ] पाउने निवृत्तभरण,

(ख) सन्ततिले पाउने शैक्षिक वृत्ति,

(ग) अन्तिम संस्कार खर्च।

**१७. योगदानकर्ताको पति वा पत्नीले निवृत्तभरण पाउनेः** (१) जुनसुकै कारणबाट योगदानकर्ताको मृत्यु भएमा निजको पति वा पत्नीले न्यूनतम आधारभूत पारिश्रमिकको र स्वरोजगार श्रमिकको लागि औषत पारिश्रमिकको चालिस प्रतिशतको दरले निजले जीवनभर निवृत्तभरण पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानकर्ताको पति वा पत्नीले अर्को विवाह गरेमा वा निजको वैकल्पिक रोजगार रहेको अवस्थामा यो सुविधा दिईने छैन।

तर त्यस्तो व्यक्तिको रोजगारी समाप्तभई वृद्ध अवस्था अन्तर्गतको निवृत्तभरण प्राप्त गर्ने अवस्था नरहेमा कोषमा निवेदन दिई यस परिच्छेद बमोजिमको निवृत्तभरण सुविधा माग गर्न सकिनेछ।

(३) यस परिच्छेद बमोजिम प्रदान गरिने निवृत्तभरण रकममा बिमाङ्कीको प्रतिवेदनको आधारमा कोषको सञ्चालक समितीले निर्धारण गरे बमोजिमको दरले समायोजन गरिनेछ।

**१८. योगदानकर्ताको सन्ततिले शैक्षिकवृत्ति पाउने :** (१) योगदानकर्ताको मृत्यु भएको अवस्थामा बढीमा दुई सन्ततिलाई निजहरुको अठार वर्ष उमेर पूरा नभएका सन्ततिहरुले सो उमेर पूरा नभएसम्म शैक्षिकवृत्ति बापत न्यूनतम आधारभूत पारिश्रमिकको चालीस प्रतिशत रकमलाई दामासाहीले हुन आउने रकम मासिक रुपमा पाउनेछ।[Ψ]

(२) योगदानकर्ताको कुनै सन्तति निरन्तर अध्ययनरत रहेमा त्यस्तो सुविधा एक्काइस वर्षको उमेर पूरा नभएसम्म प्रदान गर्न सकिनेछ।

तर निजको विवाह भएमा वा अध्ययनरत नरहेमा त्यस्तो सुविधा प्रदान गरिने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सन्तति शारीरिक वा मानसिक रुपमा काम गर्न असक्षम भएमा त्यस्तो सन्ततिको हकमा उमेरको हद लागू हुने छैन।

सामाजिक सुरक्षा कोष

---

[Ψ] पहिलो संशोधनवाट थप

[Ψ] पहिलो संशोधनवाट संशोधित

**१९. बाबु आमाले सुविधा पाउन सक्ने:** (१)[Ψ] योगदानकर्ताको एकाघरको पति वा पत्नी र छोरा वा छोरी नभएको तर निजसँग आश्रित बाबुआमा रहेछन भने निजहरुलाई न्यूनतम आधारभूत पारिश्रमिकको चालिस प्रतिशत रकमलाई दामासाहीले हुन आउने रकम बाबुआमालाई जीवनकालभर मासिक रुपमा प्रदान गरिनेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि "आश्रित बाबुआमा" भन्नाले मृतक योगदानकर्ताको बाबुआमाको शारिरिक वा मानसिक रुपमा असक्षम भएका वाहेक छोरा, बुहारी वा अविवाहित छोरी नभएको अवस्थालाई जनाउनेछ।

(२) बाबु आमा दुवै जीवित भएमा उपदफा (१) बमोजिमको सुविधा दुवैलाई दामासाहीले प्रदान गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजको वैकल्पिक रोजगार रहेको वा निजले अन्यत्रबाट यसमा लेखिएको भन्दा बढी सुविधा पाउने रहेछ भने यो सुविधा पाउने छैन।

**२०. अन्तिम संस्कार खर्च पाउने:** जुनसुकै कारणबाट योगदानकर्ताको मुत्यु भएमा निजको अन्तिम संस्कारको लागि निजको नजिकको आश्रित परिवार सदस्य वा हकवालालाई पच्चिस हजार बराबरको रुपैयाँ एकमुष्ठ उपलब्ध गराईनेछ।

सामाजिक सुरक्षा कोष

---

[Ψ] पहिलो संशोधनवाट संशोधित

## परिच्छेद–७

## वृद्ध अवस्था सुरक्षा योजना

२१. योजनामा सहभागी हुने : (१) कोषले दफा ५ बमोजिम वृद्ध अवस्था सुरक्षा योजनामा बाँडफाँड भई आएको रकमबाट देहाय बमोजिम योजना सञ्चालन गर्नेछ।

(क) दफा ५ मा तोके बमोजिम न्युनतम रुपमा जम्मा भएको रकमबाट निवृत्तभरण योजना,।

(ख) अतिरिक्त जम्मा भएको रकमबाट अवकाश बचत योजना।

(२) दफा ५ बमोजिम न्युनतम रुपमा जम्मा भएको रकमका अतिरिक्त अनौपचारिक क्षेत्रका योगदानकर्ताले कोषलाई अग्रीम जानकारी दिई आफ्नो आम्दानीको स्वघोषणा गरी न्युनतम पारिश्रमिकको तीन गुणा रकमको ३१ प्रतिशत रकम सम्म थप रकम योगदान गर्न सक्नेछ र यस्तो रकम उसको अवकाश बचत योजनामा जम्मा हुनेछ।

(३) उपदफा (१) बमोजिम निवृत्तभरण योजनामा जम्मा हुने रकमका अतिरिक्त उपदफा (२) बमोजिमको थप योगदान रकम समेत योगदानकर्ताले चाहेमा निवृत्तभरण योजनामा जम्मा गरिनेछ।

(४) अतिरिक्त रकम वा अवकास बचतमा जम्मा भएको रकमलाई कोषमा अग्रिम निवेदन दिएर नियमित योगदानमा समायोजन गरिदिन वा वर्षमा एक पटक निकाल्न अनुरोध भएमा कोषले निवेदन बमोजिम गरिदिन सक्नेछ।[Ψ]

**२२. निवृत्तभरण योजना अन्तर्गत पाउने सुविधाः** निवृत्तभरण योजनामा योगदान गर्ने योगदानकर्तालाई देहायको अवस्थामा देहाय बमोजिम सुविधा प्रदान गरिनेछ :–

(क) योगदानकर्ताको साठी वर्ष उमेर पूरा भएपछि निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगलाई एकसय साठीले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण पाउनेछ।

(ख) कुनै योगदानकर्ताको सुविधा प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा निजको हकवालालाई निजले कोषमा गरेको योगदान र कोषको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगदान रकम एकमुष्ठ रुपमा प्रदान गरिनेछ।

**२३. पति वा पत्नीले निवृत्तभरण पाउनेः** (१) कुनै योगदानकर्ताले निवृत्तभरण प्राप्त गर्न शुरु गरे पछि निजको मृत्यु भएमा निजको पति वा पत्नीको वैकल्पिक रोजगारी नभएको वा निवृत्तभरण पाउने अवस्था

---

[Ψ] पहिलो संशोधनबाट थप

सामाजिक सुरक्षा कोष

नभएमा मृतकको पति वा पत्नीलाई योगदानकर्ताले पाईरहेको निवृत्तिभरणको पचास प्रतिशतले हुन आउने रकम आजिवन निवृत्तभरण प्रदान गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानकर्तासँग निजको वैवाहिक सम्बन्ध कायम नरहेको अवस्थामा यो सुविधा प्रदान गरिने छैन।

**२४. प्रतिफल प्रदान गर्नेः** (१) कोषले यस परिच्छेद बमोजिमका योजनाहरुमा प्रतिफल प्रदान गर्नेछ, योजना सञ्चालन गर्दा व्याजदर निर्धारण भएकोमा सोही दरलाई प्रतिफल मानिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिफलको अतिरिक्त कोषले प्राप्त गरेको मुनाफाको आधारमा योगदानकर्तालाई थप प्रतिफल प्रदान गर्न बाधा पर्ने छैन।

**२५. बिमाङ्कीय समायोजन गरिनेः** यस परिच्छेद बमोजिम प्रदान गरिने निवृत्तभरण रकममा बिमाङ्कीको प्रतिवेदनको आधारमा समितीले निर्धारण गरे बमोजिमको दरले हरेक ३ वर्षमा समायोजन गरिनेछ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद—८
## विविध

**२६. योजना अन्तर्गतका सुविधा प्राप्तिका लागि प्रक्रियाः** यस कार्यविधि बमोजिमका सामाजिक सुरक्षा योजनामा सहभागी योगदानकर्ताले सुविधा प्राप्त गर्ने प्रक्रिया, सुविधा पाउनको लागि दिनु पर्ने निवेदनका ढाँचा र भुक्तानि सम्बन्धी प्रक्रिया तथा तत् सम्बन्धी निर्णय कोषको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ को व्यवस्था बमोजिम हुनेछ।

**२७. बैङ्क खाता खोलेको हुनु पर्नेः** (१) योगदानकर्ता वा निजको हकवालालाई सुविधा बापतको रकम बैङ्क खाता मार्फत मात्र भुक्तानी दिइनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि अस्पतालले भुक्तानी प्राप्त गर्न प्रचलित कानून बमोजिम "क" वर्गको कुनै वाणिज्य बैङ्क वा सोको शाखामा यस कार्यविधि बमोजिमको रकम पाउन सूचीकृत अस्पतालले बैङ्क खाता अनिवार्य खोलेको हुनु पर्नेछ।

**२८. खर्च र सोको लेखाङ्कनः** (१) यस कार्यविधि अन्तर्गत योगदानकर्तालाई उपलब्ध गराउने सुरक्षा योजनाको सुविधा एवं कार्यविधि कार्यान्वयनका क्रममा लाग्ने अन्य रकमको आर्थिक व्ययभार कोषबाट व्यहोरिने गरी कोषको सञ्चालक समितिले निर्णय गर्न सक्नेछ।

(२) यस कार्यविधि अन्तर्गत योगदानकर्ताले गरेको योगदान, भुक्तानी भएको सुविधाको अभिलेख सम्बन्धित योगदानकर्ताले समेत हेर्न सक्ने गरी अभिलेख राख्नु पर्नेछ।

**२९. औषत आधारभूत पारिश्रमिक किटानः** (१) कोषले योगदानकर्तालाई सुविधा भुक्तानी गर्दा पछिल्लो २ बर्षको[Ψ] निजको आधारभूत पारिश्रमिकको औषत लिई मासिक आधारभूत पारिश्रमिक किटान गर्नु पर्नेछ।

(२) योगदानकर्ताको दैनिक आधारभूत पारिश्रमिक किटान गर्दा निजको मासिक आधारभूत औषत मासिक पारिश्रमिकलाई तीसले भाग गरिनेछ र यसरी आउने रकमलाई दैनिक आधारभूत पारिश्रमिक मानिनेछ।

**३०. एक भन्दा बढी योजनाबाट सुविधा नदिईनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम सञ्चालित एक भन्दा बढी योजनाबाट दोहोरो हुने गरी मासिक निवृत्तभरण वा अन्य सुविधा दिईने छैन।

---

[Ψ] पहिलो संशोधनवाट संशोधित

सामाजिक सुरक्षा कोष

**३१. जगेडामा रकम राख्नु पर्ने:** ऐनको दफा ५३ बमोजिम यस कार्यविधिमा उल्लिखित योजनाको लागि कम्तीमा छ महिना बराबरको रकम जगेडामा राख्नु पर्नेछ।

**३२. योगदान र सुविधाको दर थपघट हुन सक्ने:** ऐनको दफा ३६ बमोजिम बिमाङ्कीद्वारा पेश भएको प्रतिवेदनको आधारमा यस योजनाको लागि तोकिएको योगदानको दर र सुविधा कोष सञ्चालक समितिको सिफारिसमा मन्त्रालयले थप घट गर्न सक्नेछ।

**३३. परिवारका सदस्यलाई समेत लागू गर्न सकिने:** यस योजनामा सहभागी योगदानकर्ताले यस योजना बमोजिमको सुविधामा एकाघरका सदस्यलाई सहभागी गराउन चाहेमा परिवारका सदस्य सङ्ख्याको आधारमा कोषको सञ्चालक समितिले किटान गरे बमोजिमको थप योगदान गरी सहभागी गराउन सकिनेछ।

**३४. योजनाको निरन्तरता:** यस कार्यविधि बमोजिमको योजनामा सहभागि भएको योगदानकर्ताले औपचारिक क्षेत्रमा श्रमिकको रुपमा नियुक्त भएमा यस कार्यविधि बमोजिमका सामाजिक सुरक्षा योजनालाई कोषले औपचारिक क्षेत्रमा श्रमिकको लागि सञ्चालित सामाजिक सुरक्षा योजना बमोजिम गर्नु पर्ने योगदान गरी औपचारिक क्षेत्रमा श्रमिकको लागि सञ्चालित सामाजिक सुरक्षा योजनामा रुपान्तरण गरी निरन्तरता दिन सक्नेछ।

**३५. ऋण तथा सापटी:** यस कार्यविधि अनुसार योगदान गर्ने योगदानकर्ताको भौतिक र मानविय पुंजी निर्माणमा सहयोग हुने गरी सञ्चालक समितिले ऋण तथा सापटी सुविधाको व्यवस्था गर्न सक्नेछ।

**३६. छुट प्राप्त गर्न सक्ने:** यस योजनामा सहभागी योगदानकर्ताले देहाय बमोजिमको छुट प्राप्त गर्न सक्नेछन्:

(क) अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिले योजनामा समावेश हुन योगदान गर्नु पर्ने छ महिना भन्दा बढि अवधिको रकम अग्रिम रुपमा कोषमा जम्मा गरेमा १० प्रतिशतमा नबढ्ने गरी सञ्चालक समितिले निर्धारण गरे बमोजिमको रकम छुट दिन सकिनेछ।

(ख) कोषले औषधी उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता र आश्रित परिवार सुरक्षा योजना बमोजिम प्रदान गर्ने सुविधाहरुमा लगातार तीन वर्ष सम्म दाबी नगर्ने योगदानकर्ताले निवृत्तभरण योजनामा समावेश हुने गरी निवेदन दिएमा त्यस्ता योजनामा जम्मा भएको रकमको २० प्रतिशतमा नबढ्ने गरी सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुन आउने छुट रकम निवृत्तभरण योजनामा हस्तान्तरण गर्न सकिने छ।

सामाजिक सुरक्षा कोष

Ψ(ग) यस दफाको खण्ड (क) र (ख) मा उल्लेखित छुट तथा सुविधाहरु दफा ४ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका योजनामा जम्मा हुने रकममा पाउने।

Ψ(घ) उल्लेखित सुविधाहरुको लागि क्रमस समायोजन भएर आउने मौज्जादमा उपलब्ध गराईने छ।

Ψ(च) छुट सम्बन्धी प्रावधानको लेखा लेखाङ्नको लागि प्रत्येक आर्थिक वर्षमा छुट व्यवस्था कायम गर्न गरिनेछ।

सामाजिक सुरक्षा कोष

Ψ पहिलो संशोधनवाट थप
Ψ पहिलो संशोधनवाट थप
Ψ पहिलो संशोधनवाट थप